शुद्धोधन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही
लुम्बिनी प्रदेश नेपाल

## नदीजन्य पदार्थको लिलाम बढाबढको शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०३/२०

शुद्धोधन गाउँपालिका आ.व.२०८०/८१ मा दानव नदीका विभिन्न घाटहरुमा रहेको नदीजन्य पदार्थ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्म वा कम्पनीहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र दरभाउपत्र खरिद गरी लिलाम बिक्रीको लागि आफुले कबोल गरेको मूल्यको पाँच प्रतिशतले हुन आउने रकम (मु.अ.कर समेतको) यस कार्यालयको धरौटी खाता कृषि विकास बैंक फर्सीटिकर मा रहेको ०४२४५०११५०२७९०४५ मा जम्मा गरी सो को भौचर वा बैक जमानत साथै अन्य आफ्नो फर्मसंग सम्बन्धीत कगजात सहित सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो लिलामको सूचना प्रकाशित गरिएको छ । दरभाउ पत्र यस कार्यालयबाट रु १०००। (पछी फिर्ता नहुने) तिरी खरिद गर्न सकिने छ । थप जानकारी तथा शर्तहरुको बारेमा यस कार्यालयमा सम्पर्क गरी वा दरभाउ पत्र खरीद गरी प्राप्त गर्न सकिने छ ।

१, लिलाम बिक्री हुने नदीजन्य पदार्थ मौजदात रहेको स्थान परिमाण र न्यूनतम रकम ।

| सि.नं. | नदीजन्य पदार्थ रहेको स्थान | नदीजन्य पदार्थको परिमाण (घनफुटमा) | न्यूनतम रकम (मू.अ.कर वाहेक) | कैफियत |
|---|---|---|---|---|
| क | शुद्धोधन गा.पा. वडा नं १ परौता भाटा | ४०५५.१५ | ५२७१७। | |
| ख | शुद्धोधन गा.पा. वडा नं ६ नौडिहवा र गुरौली भैरहवा | ११५९५.८१ | १५०७४६। | |
| ग | शुद्धोधन गा.पा. वडा नं ६ गुरौली भैरहवा (वेलवा घाटबाट उत्खनन् भएको) | १०४९२.८० | १३६४०७। | |
| घ | शुद्धोधन गा.पा. वडा नं ७ बोहरवा | १९४४९.६४ | २५२८४६। | |
| ङ | गैडहवा गा.पा. वडा नं ६ लोधपुरवा (मधुवनी नाकाबाट उत्खनन् गरी घाटगद्धी गरेको) | ४०४५३.८८ | ५२५९०१। | |

२, दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय २०८१/०३/२६ कार्यालय समय सम्म ।

३, दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८१/०३/२७ गते दिउरो १२ बजे सम्म ।

४, दरभाउ पत्र खोल्ने मिति र समय २०८१/०३/२७ गते दिउसो २ बजे ।

५, लिलाममा सहभागी हुन चाहनेले मालसामाल हेर्न चाहेमा यस कार्यालयको प्राविधिक शाखामा सम्पर्क गरी हेर्न सकिने छ ।

६, लिलाम सकार गरेको सम्पत्ती सम्झौतामा उल्लेख भएको सिमा भित्र उठाइ लैजानु पर्ने छ ।

७, दरभाउपत्र खरिदगर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदापर्न गएमा लगत्तै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा उल्लेखित कार्यहरु हुने छ ।

८, लिलाम सकार गर्नेले आफुले कबोल गरेको रकम तथा लाग्ने कर समेत सम्झौता गर्नु पूर्व यस गाँउपालिकाको सञ्चित कोष खातामा रकम जम्मा गर्नु पर्ने छ ।

९, यसमा उल्लेख नभएका अन्य कूराहरु मौजुदा नियमानुसार हुने छ । साथै यस सम्बन्धी अन्य बिषयमा कार्यालयको निर्णय अन्तिम हुने छ ।

१०, अन्य थप जानकारीको लगि यस कार्यालयमा उपस्थीत भइ वा मो.नं. ९८४७४५०५७१ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

बिष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

CamScanner